बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः तेस्रो

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।०६।०७, मंगलबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल, मालिङ ।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | |
| १२ | श्री गंगा वहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १३ | श्री सुल वहादुर वि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९. | त्रिलोक चन्द्र गुरुङ | प्र० स्वा० अ० | " | |
| २०. | स्मृति अधिकारी | कृषि शाखा | " | |
| २१. | प्रकाश श्रेष्ठ | प्राविधिक शाखा प्रमुख | " | |
| २२. | सचिन गुरुङ | रोजगार संयोजक | " | |
| २३. | कल्पना गुरुङ | MIS अपरेटर | " | |
| २४. | ममता गुरुङ | उ.वि.स | " | |
| २५. | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | " | |
| २६. | ई. अनिल पौडेल | कम्प्युटर इ. | " | |
| २६ | वसन्ता पौडेल | लेखापाल | " | |

## तेस्रो कार्यपालिका बैठक २०८२।०६।०७ मंगलवार

**प्रस्ताव नं १. वार्षिक खरिद योजना पेश र स्वीकृत सम्बन्धमा।**

**निर्णय नं १** . आर्थिक वर्ष २०८२।०८३ मा यस कार्यलय वा अन्तर्गत सम्पादन गरिने वस्तु वा सेवा खरिद सम्बन्धी कार्यहरु सार्वजनिक खरिद इकाईबाट पेश भएको देहाय बमोजिमको योजना स्वीकृत गर्ने निर्णय।

**प्रस्ताव नं २. एकल पुरुष भत्ता वितरण कार्यविधि २०८२ पेश र पारित सम्बन्धमा।**

**निर्णय नं २** . क्व्होलासोथार गाउँपालिकाको एकल पुरुष भत्ता वितरण कार्यविधि २०८२ देहाय बमोजिम पारित गर्ने निर्णय।

**प्रस्ताव नं ३. वार्षिक पशु विकास कार्यक्रम संचालन कार्यविधि २०८२ पेश र पारित सम्बन्धमा।**

**निर्णय नं ३** . क्व्होलासोथार गाउँपालिकाको वार्षिक पशु विकास कार्यक्रम संचालन कार्यविधि २०८२ देहाय बमोजिम पारित गर्ने निर्णय।

**प्रस्ताव नं ४. वार्षिक कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८२ पेश र पारित सम्बन्धमा।**

**निर्णय नं ४** . क्व्होलासोथार गाउँपालिकाको वार्षिक कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८२ देहाय बमोजिम पारित गर्ने निर्णय।

**प्रस्ताव नं ५. सशर्त अन्तरगतका कार्यक्रम (OVOT,MEDPA, SBA ANM, Veterinary Doctor) मा कार्यरत कर्मचारीहरुको चाडपर्व र पोशाक भत्ता सम्बन्धमा।**

**निर्णय नं ५** . क्व्होलासोथार गाउँपालिकाको सशर्त अन्तर्गतका कार्यक्रम (OVOT,MEDPA, SBA ANM, Veterinary Doctor, PMEP) मा कार्यरत देहायका १० जना कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप एक महिनाको सुरु तलब स्केल बराबरको चाडपर्व र पोशाक भत्ता वापतको रकम उपलब्ध गराउने तर छुट्टै पोशाक वापतको रकम उपलब्ध नगराउने निर्णय।

**देहाय**

१. VET Doctor ( पशु चिकित्सक डा. अनुप गुरुङ ) - १ जना
२. OVOT ( ना.प. स्वा.प्रा. राम प्रसाद गुरुङ, ना.प. स्वा.प्रा. लेखनाथ श्रेष्ठ ) - २ जना
३. Medpa ( उ.वि.स. ममता गुरुङ, उ.वि.स. यज्ञ बहादुर चन्द ) - २ जना
४. SBA ANM ( मनिषा गुरुङ, रिना बस्नेत, टिका गुरुङ, अनिता गुरुङ, गंगा नगरकोटी ) - ५ जना

CamScanner

**तेस्रो कार्यपालिका बैठक २०८२।०६।०७ मंगलवार**

**प्रस्ताव नं ६. न्युनतम पारिश्रमिक निर्धारण सम्बन्धमा।**

**निर्णय नं ६.** श्रम ऐन २०७४ , दफा १०६ बमोजिमको न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा मिति २०८२ असोज १ देखि लागु हुने गरी सशर्त कार्यक्रम बाहेकका स्वीकृत दरबन्दीमा कार्यरत कार्यालय सहयोगीहरुको आधारभूत पारिश्रमिक रु.१२१७०।०० र महङ्गि भत्ता रु. ७३८०।०० गरि कुल रु. १९,५५०।०० मासिक तलब उपलब्ध गराउने तथा हलुका सवारी चालकको मासिक पारिश्रमिक रु २३०००।०० मा रु २०००।०० बृद्धि गरी रु. २५०००।०० उपलब्ध गराउने निर्णय।

**प्रस्ताव नं ७. हस्तलिखित कागजातहरुलाई कम्प्युटर अभिलेखिकरण सम्बन्धमा।**

**निर्णय नं ७.** सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी बनाउनुका साथै विषम परिस्थितिमा समेत डिजिटल अभिलेखलाई बैकल्पिक प्रमाणको रुपमा प्रयोगमा ल्याउन गाउँपालिका वा अन्तर्गतका वडाहरुमा घटना दर्ता तथा अन्य महत्वपूर्ण हस्तलिखित कागजातहरुलाई कम्प्युटरजन्य अभिलेखिकरण गर्ने निर्णय।

**प्रस्ताव नं ८. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि परियोजना प्रस्ताव र लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा।**

**निर्णय नं ८.** नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि -२०८२ बमोजिम प्रदेश र स्थानीय तहको साझेदारी र सहलगानीमा स्थानीय तहबीच नवप्रवर्तन कार्यक्रमका माध्यमबाट प्रतिष्पर्धात्मक वातावरण सिर्जना गर्दै नागरिकको आयआर्जन, सुशासन, सेवा प्रवाह र विकासमा पहुँच वृध्दि गर्ने उदेश्यले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनको लागि **क्व्होलासोथार गाउँपालिकामा एकीकृत CCTV प्रणाली तथा अप्तिक फाइबर विस्तार** परियोजना प्रस्तावका सम्पूर्ण कागतजातहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशमा समयसिमाभित्र बुझाउने साथै ऐ .कार्यविधिको दफा ११ बमोजिम यस गाउँपालिकाको आन्तरिक आय पच्चीस लाख रुपैंयाभन्दा माथी रहेको हुँदा साथै क्व्होलासोथार गाउँपालिकाको १८ औं बजेट अधिवेशनबाट नवप्रवर्तन साझेदारी परियोजना/कार्यक्रममा लागत साझेदारी गर्न बजेट विनियोजन गरिएको हुँदा , परियोजनाको कुल लागतको ३० प्रतिशत रकम लागत साझेदारी गर्ने प्रतिबद्धता।

परियोजनाको नाम: **क्व्होलासोथार गाउँपालिकामा एकीकृत CCTV प्रणाली तथा अप्तिक फाइबर विस्तार**

सम्पर्क व्यक्ति : सूचना प्रविधि अधिकृत अनिल पौडेल

फोन नं: ९८६९८००६५२

ईमेल : ito@kwholasotharmun.gov.np

**कार्यान्वयन तथा समन्वय समिति** - संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्यहरु: सूचना प्रविधि शाखा प्रमुख

वडा सचिवहरु

प्राविधिकहरु

## तेस्रो कार्यपालिका बैठक २०८२।०६।०७ मंगलवार

**कुल लागत –** १,२०,९३,५०० ।-

**लागत सहभागिता-** कोषबाट ७० %=८४,६५,४५० ।-

गाउँपालिकाबाट ३०%=३६,२८,०५० ।-

**प्रस्ताव नं ९. व्यवसायिक पशुपन्छी र मत्स्य फर्म, समूह तथा सहकारी दर्ता कार्यविधि २०८२ पेश र पारित सम्बन्धमा ।**

**निर्णय नं ९ .** व्यवसायिक पशुपन्छी र मत्स्य फर्म, समूह तथा सहकारी दर्ता कार्यविधि २०८२ देहाय बमोजिम पारित गर्ने निर्णय ।

**प्रस्ताव नं १०. आर्थिक सहायता सम्बन्धी ।**

**निर्णय नं १०.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने ।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | पोखरापाटी मिडिया प्रा.लि.पोखरा | रु. १५,००० । | संदेशमूलक सूचना प्रकाशन |
| २. | जिल्ला प्रहरी कार्यालय लमजुङ | रु. ४१,००० । | दशैंमा मौलो पुजा |
| ३. | प्रहरी चौकी मालिङ | रु. १५,००० । | दशैंमा मौलो पुजा |
| ४. | प्रहरी चौकी गिलुङ | रु. १५,००० । | दशैंमा मौलो पुजा |
| ५. | गुमा गुरुङ, वडा नं ८ | रु. १,००,००० । | क्यान्सर रोग उपचार खर्च |
| ६. | अमृता गुरुङ, वडा नं ९ | रु. १,००,००० । | क्यान्सर रोग उपचार खर्च |
| ७. | मिश्री गुरुङ, वडा नं ४ | रु. १,००,००० । | क्यान्सर रोग उपचार खर्च |
| ८. | ज्यावु भन्ने रुप कुमारी गुरुङ, वडा नं ९ | रु. १,००,००० । | क्यान्सर रोग उपचार खर्च |
| ९. | बखत मान गुरुङ, वडा नं ४ | रु. १,००,००० । | मृगौला रोग उपचार खर्च |
| १०. | शान्ति गुरुङ, वडा नं ३ | रु. ५०,००० । | मृगौला रोग उपचार खर्च |
| ११. | नन्द प्रसाद गुरुङ, वडा नं ६ | रु. १,००,००० । | मिजुली खेतको क्षतिवापत |
| १२. | सुल बहादुर गुरुङ, वडा नं ४ | रु. ७०,००० । | कलेजो रोग उपचार खर्च |
| १३. | सन्जीत बि.क., वडा नं ३ | रु. ८०,००० । | CMV Pneumonitis उपचार खर्च |
| १४. | अन्नपूर्ण युवा क्लव, ठोडा टोल, वडा नं २ | रु. २०,००० । | पिर्के पिङ / लिङ्गे पिङ् निर्माण तथा सञ्चालन खर्च |
| १५. | पाँचगाउँ विधुत उपभोक्ता समिति | रु. ४५,००० । | Transformer Maintenance खर्च |

**तेस्रो कार्यपालिका बैठक २०८२।०६।०७ मंगलवार**

**प्रस्ताव नं ११. विविध।**

**निर्णय नं ११.**

क) **विजयादशमी, दिपावली तथा छठ पर्व २०८२** आगमनको अवसरमा सम्पुर्ण स्वदेश तथा विदेशमा रहनुहुने समस्त गाउँपालिकावासी नागरिकहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरुबीच मंगलमय शुभकामना आदानप्रदान/ व्यक्त गर्ने निर्णय।

ख) यस गाउँपालिकाको वडा नं ४ स्थित भुजुङ स्वास्थ्य चौकी भवनमा मिति २०८२।०७।१८, १९ र २० गते नि:शुल्क आँखाको मोतिविन्दु स्क्रिनिङ तथा शल्यक्रिया शिविर सञ्चालन गर्न मुटु फाउण्डेशन,काठमाण्डौलाई सहमति प्रदान गर्ने।

ग) प्रदेश आयुर्वेद चिकित्सालय बेसीशहर, लमजुङको व्यवस्थापनमा मिति २०७७ चैत्र २ गते देखि यस गाउँपालिकामा सञ्चालन भइरहेको नागरिक आरोग्य सेवा केन्द्र, घलेगाउँ आ.व. २०८२।०८३ देखि यस क्व्होलासोथार गाउँपालिकाबाट व्यवस्थापन र सञ्चालन हुने गरी प्रदेश आयुर्वेद चिकित्सालय बेसीशहर, लमजुङबाट हस्तान्तरण भएकोले जिन्सी सामाग्रीहरु दाखिला गरी सशर्त कार्यविधि बमोजिम सञ्चालन गर्ने निर्णय।

CamScanner